नेपालगञ्ज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज,बाँके ।

टोलफ्री नं.: ०६६०८१५२०५२
फ्याक्स नं.: ०८१-५२०२४०

पत्र संख्या - ०७८।७९(योजना तथा बजेट शाखा)

च.नं. २८६२

लुम्बिनी प्रदेश,नेपाल ।
मिति-२०७८।०९।०१

विषय - निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री १-२३ नं. वडा कार्यालयहरु सबै
नेपालगञ्ज उप-महानगरपालिका,बाँके ।

उपरोक्त सम्वन्धमा यस उप-महानगरपालिका नगर कार्यपालिकाको मिती २०७८।०८।२७ गतेको बैठकमा निर्णय भए बमोजिम, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,बुटवल सम्पर्क कार्यालय नेपालगंजको पत्र सं. संघिय ८४।२०७७।०७८ च.नं ७५७ मिती २०७७।१०।११ को पत्रानुसार प्राप्त निर्देशन बमोजिम लागत सहभागीतालाई श्रम सहभागीता को रुपमा कुल लागत अनुमानको ५ प्रतिशत कायम गरी योजना तथा कार्यक्रम संचालन गर्न गराउनहुन अनुरोध छ। साथै निर्णयको प्रमाणीत प्रतिलिपी यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागी अनुरोध छ ।

गुरुदत्त सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा ,नेपालगञ्ज उप-महानगरपालिका ।

श्री सडक तथा अन्य पुर्वाधार महाशाखा,नेपालगञ्ज उप-महानगरपालिका ।

श्री सुचना प्रविधी शाखा, नेपालगञ्ज उप-महानगरपालिका ।website मा अपलोड गरिदिनुहुन।

# मिति २०७८।०८।२७ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १ :-** यस उप-महानगरपालिकालाई नेपाल अर्बुद रोग निवारण संस्था बाँके बाट प्राप्त परीयोजना प्रस्तावना बमोजिम नेपाल अर्बुद रोग निवारण संस्था भित्र fencing and hume pipe fitting work का लागि पेश भएको लागत अनुमान रकम रु ११२०००।- (अक्षेरुपी एक लाख बाह्र हजार मात्र) नगरकार्यपालिकाको निर्णयबाट हुने खर्च शिर्षकबाट भुक्तानी/निकासा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** नेपाल सरकार सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सं.२०७८।०७९, मिति २०७८।०८।२१ च.न. १६० को पत्रमार्फत स्थानीय तहहरुले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराँदा विधिवत दर्ता भएका संख्याहरुबाट मात्र गराउन निर्देशन दिएकोमा यस वर्ष प्राप्त उपभोक्ता समितिहरु गठन भै कार्य अन्तिम चरणका पुगेकोले, चालु आ.व.मा अन्य योजनाहरु समेत साविक बमोजिम नै गर्ने तथा उक्त परिपत्र अव्यवहारीक भएकोले सुधार गर्नको लागि सघिंय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यलय,बुटवल सर्म्पक कार्यालय, नेपालगंजको पत्र स. सघिय ८४।२०७७।०७८ च.न७५७ मिति २०७७।१०।११ को पत्रानुसार प्राप्त निर्देशन बमोजिम लागत सहभागितालाई श्रम सहभागिता को रुपमा कुल लागत अनुमानको ५ प्रतिशत कायम गरी योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** नेपाल विद्युत प्राधिकरणबाट प्राप्त पत्रानुसार सडक विद्युत महसुलको विषयमा नगरपालिकाको क्षेत्र भित्ररहेका पोलहरुको दररेट निर्धारणगरी कायमहुन आउने राजश्व रकम लाई नगरपालिकाको आयमा कायमगरी नेपाल विद्युत प्राधिकरणबाट प्राप्त विद्युत महसुल भुक्तानीका लागिसमेत आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** नेपालगंज उप-महानगरपालिकाभित्र संचालनमा रहेका स्वास्थ्य संस्था (अस्पताल, पोलिक्लिनीक, क्लिनीक ,ल्याब तथा प्याथोलोजी डेन्टल, आयुर्वेद,आँखा अस्पताल लगायत स्वास्थ्य संस्था) हरुलाई संचालनका लागि स्वास्थ्य संस्था स्थापना तथा संचालन निर्देशिका २०७६ दफा २ अनुसार तपसिल बमोजिमको अनुगमन समिति निर्माण गर्नु पर्ने भएकोले सोही अनुसार निर्माणगरि यथाशिघ्र कार्यव्ययन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | – | संयोजक |
| ईन्जिनियर, योजना शाखा | – | सदस्य |
| पब्लिक हेल्थ नर्स । सि.अ.न.मि. अधिकृत | – | सदस्य |
| नगरपालिकाबाट मनोनित बिज्ञ | – | सदस्य |
| विषयगत विशेषज्ञ (ल्याव,रेडियोग्राफर,डेन्टल आदी) | – | सदस्य |
| फोकल पर्सन कार्यक्रम हेर्ने | – | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | – | सदस्य सचिव |